सिद्धार्थनगर नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ३ संख्या : १३ मिति : मंसिर ११ गते, २०७६

## भाग –२

## सिद्धार्थनगर नगरपालिका

# सिद्धार्थनगर नगरपालिकाको खेलकुद तथा खेलाडी अक्षयकोष कार्यबिधि २०७६

**प्रस्तावना:** सिद्धार्थनगर नगरपालिका क्षेत्रमा आयोजना हुने खेलकुद तथा खेलाडीहरुलाई सहयोग एवम् खेलाडीहरुको मनोबल उच्च बनाउन पुस्कार र सम्मान प्रदान गर्न अक्षयकोष स्थापना गरिएको छ । समुदाय क्षेत्र र राष्ट्रलाई चिनाउने देशको गहनाको रुपमा रहेका खेल तथा खेलाडीहरुले आफ्नो जीवनको अमुल्य समय खेलमा विताउने भएको हुँदा उनीहरुको योगदान प्रति सम्मान गर्न, नगरमा खेलमैत्री वातावरण सृजना गर्न, साथै खेलाडीहरु खेलप्रति उत्प्रेरित बनाउने उद्धेश्यले सिद्धार्थनगर नगरपालिकाबाट खेलकुद तथा खेलाडी अक्षयकोष २०७६ स्थापना गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस अक्षयकोषको नाम सिद्धार्थनगर नगरपालिका खेलकुद तथा खेलाडी अक्षयकोष २०७६ रहनेछ ।

(ख) यो कार्यविधिको नाम “खेलकुद तथा खेलाडी अक्षयकोष २०७६” रहनेछ ।

(ग) यो कार्यविधि सिद्धार्थनगर नगर कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन गरेपश्चात लागु हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “कोष” भन्नाले खेलकुद तथा खेलाडी अक्षयकोषलाई सम्झनुपर्छ ।

(ख) “समिति” भन्नाले दफा ७ बमोजिम गठित समितिलाई सम्झनुपर्छ

(ग) “सहयोग” भन्नाले यस कोषलाई सरकारी, गैर सरकारी संघ, संस्था, व्यक्ति आदिबाट प्राप्त सहयोग रकमलाई जनाउनेछ

३. **कोषको स्थापनाः** सिद्धार्थनगर नगरपालिकामा खेलमैत्री वातावरण सिर्जना गर्न तथा खेलाडीको सहयोग र सम्मानार्थ अक्षयकोष स्थापना गरिएको छ । जसमा देहाय बमाजिमका रकमहरु रहनेछन् ।

(क) संघ, प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नगरपालिकाबाट प्राप्त रकम,

(ग) संस्थागत तथा व्यक्तिगत सहयोग रकम,

(घ) राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरबाट प्राप्त सहयोग रकम,

(ङ) अन्य रकम ।

४. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहनेछ ।

(क) अक्षयकोष सम्बन्धी प्रकृया र कार्यविधिलाई सरल, स्पष्ट र पारदर्शि बनाउने ।

(ख) खेलकुद सञ्चालनमा तथा खेलाडीलाई सहयोगको आवश्यकता भएका खेलाडीलाई न्यूनतम आर्थिक एवम् भौतिक सहयोग प्रदान गर्न सकिने ।

(ग) नगरक्षेत्र भित्रका खेलाडीहरुलाई पुरस्कार सम्मान प्रदान गर्ने ।

(घ) कोषको अबस्था अनुसार खेलाडीलाई उपचारमा सहयोग रकम उपलब्ध गराउन सकिने ।

५. लक्षित समुहः यस कार्यविधि अर्न्तगत यस कोषबाट सहयोग पाउने खेलकुद तथा खोलाडीहरु निम्नानुसार हुनेछन् ।

(क) खेलकुद समितिबाट निर्णय भए बमोजिमको सिद्धार्थनगर क्षेत्रमा आयोजना गरिने खेलकुद ।

(ख) सिद्धार्थनगर नगरपालिकामा स्थायी बसोबास गरी बस्ने खेलाडी नेपाली नागरिक ।

(ग) राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गरेका खेलाडी ।

(घ) पूर्व तथा वर्तमान खोलाडीहरुलाई पुस्कार तथा सम्मान प्रदान गरिने ।

(ङ) नगर, जिल्ला वा प्रदेश स्तरिय खेलमा सहभागी भै पदक वा कुनै स्थान (प्रथम, द्धितिय, तृतिय) वा पुस्कार प्राप्त गरेका खेलाडी ।

**६. खेल तथा खेलाडी छनौटको आधारहरु : खेल तथा खेलाडी छनौट गर्दा देहायका आधारहरुमा छनौट गरिनेछ ।**

(क) नगर स्तरिय खेलहरु जस्तैः फुटवल, क्रिकेट, भलिबल, एथलेटिक्स, मार्शल आर्टस र बक्सिङ्गका लगायतका खेलहरुमा योगदानको मूल्याङ्कन ।

(ख) प्रदेश, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भई सकेका वर्तमान तथा पूर्व खेलाडीहरु ।

(ग) खेलाडीहरुका हकमा फुटवल, क्रिकेट, भलिबल, एथलेटिक्स,मार्शल आर्टस र बक्सिङ्गका लगायतका खेलका खेलाडीहरु ।

(घ) सम्बिन्धित खेलको संघको कार्यसमितिको बैठकले निर्णय गरेको सिफारिश पत्र ।

(ङ) चोटपटक तथा अस्वस्थताको प्रमाणित प्रतिलीपि ।

(च) खेलकुदमा गरिने सहयोग तथा खेलाडीलाई सहयोगको लागि गरिने रकमको बारेमा समितिको सिफारिशमा नगरपालिकाले छनौट गर्नेछ ।

**७. अक्षयकोष व्यवस्थापन समिति**

(१) निम्नानुसारको एक अक्षयकोष व्यवस्थापन समिति रहनेछ :

(क) नगर प्रमुख – अध्यक्ष

(ख) उपप्रमुख – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) अध्यक्षले मनोनयन गरेको कार्यपालिकाका सदस्य मध्येबाट १ जना – सदस्य

(ङ) सम्बन्धित क्षेत्रबाट समितिले मनोनयन गरेका १ (एक) जना महिला सहित २ जना – सदस्य

(च) सामाजिक विकास शाखा प्रमुख – सदस्य सचिव

(२) समितिले आफ्नो कार्यबिधि आफै तय गर्न सक्नेछ ।

(३) समितिले आश्यकतानुसार अन्य विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

८. बिविधः

(क) प्रत्येक आर्थिक वर्षमा खेलकुद तथा खेलाडी सम्बन्धी व्यवस्थापन समितिले छनौट गरेका व्यक्तिलाई अक्षयकोषबाट प्राप्त ब्याजबाट पुरस्कार तथा सम्मानपत्र प्रदान गर्नेछ ।

(ख) यस कार्यविधि बमोजिम खेलकुद तथा खेलाडी सम्बन्धी पुरस्कार तथा सम्मानका लागि आवश्यक रकमको व्यवस्था सिद्धार्थनगर नगर कार्यपालिकाको कार्यालयले स्थापना गरेको खेलकुद तथा खेलाडी सम्बन्धी अक्षयकोषबाट हुनेछ ।

(ग) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा सम्बन्धित क्षेत्रहरू विज्ञसँगको परामर्शमा सिद्धार्थनगर नगरकार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

(घ) अक्षयकोष व्यवस्थापन खेलकुद तथा खेलाडी सम्बन्धी सम्मान र पुरस्कारको प्रयोजनार्थ सम्बन्धित क्षेत्र बैठकको निर्णयानुसार सम्मानित हुने व्यक्तिहरूको न्यूनतम संख्या तोकी सिफारिस माग गर्न सक्नेछ ।

(ङ) कोषको खाता सिद्धार्थनगर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

(च) अक्षय कोषको साँवा रकमलाई खर्च गर्न पाइने छैन ।

(छ) व्यवस्थापन समितिले पुरस्कृत गर्न छनौट गरेका नामावलीलाई कार्यपालिकाबाट स्वीकृत/अनुमोदन गरिनेछ ।

आज्ञाले,
तुल्सी राम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत